# आर्थिक वर्ष 2023को फुकुओका नगरमा वस्तुको चर्को मूल्य वृद्धिप्रति आकस्मिक सहायता लाभ रकम

वस्तुको चर्को मूल्य वृद्धिले गर्दा बोझ बढ्न गएको कुरालाई मध्यनजर गरी, विशेषतः घर खर्चमा ठुलो प्रभाव पर्ने न्यून आय भएका घरपरिवार प्रति, लाभ रकम भुक्तानी गरिन्छ।

## 1. लाभ भुक्तानीको दायरामा पर्ने व्यक्ति

**सन् 2023 डिसेम्बर 1 तारिखको समयमा फुकुओका नगरमा बसोबास दर्ता रहेको घरपरिवारको घरमूली**

## 2. लाभ भुक्तानी राशि

**बसोबास करमा कर लागु नहुने घरपरिवार**

एक घरपरिवार बराबर **70 हजार येन**

**बसोबास करको समान दरमा मात्र कर लागु हुने घरपरिवार**

एक घरपरिवार बराबर **1 लाख येन**

बालबच्चा हुर्काइ रहेको न्यून आय भएको घरपरिवारलाई थप रकम **(बालबालिका निमित्को थप रकम; कोदोमो खासान)** बालबालिका एकजना बराबर **50 हजार येन**

## 3. लाभ भुक्तानीका आवश्यक सर्तहरू

**[साझा आवश्यक सर्त]**

- घरपरिवार भित्र बसोबास कर लाग्ने आय हुँदाहुँदै पनि कर स्वघोषणा नगरेको व्यक्ति कोही पनि नभएको हुनुपर्ने
- बसोबास कर लागेका नातेदारहरूद्वारा पालितपोषित व्यक्ति एक्लै भएको घरपरिवार हुन नहुने
- अन्य नगर/ गाउँपालिकामा यसै प्रणाली अन्तर्गतको लाभ रकम लिएको अथवा लाभ पाउने घरपरिवार हुन नहुने

**[भिन्न आवश्यक सर्त]**

**बसोबास करमा कर लागु नहुने घरपरिवार**
घरपरिवारका सबै सदस्यहरूलाई आर्थिक वर्ष 2023को बसोबास करको समान दरमा कर लागु नहुने भएको हुनुपर्ने

**बसोबास करको समान दरमा मात्र कर लागु हुने घरपरिवार**
घरपरिवारका सबै सदस्यहरूलाई आर्थिक वर्ष 2023को बसोबास करको आय दरमा कर लागु नभई, घरपरिवारको कम्तीमा एकजनालाई बसोबास करको समान दरमा मात्र कर लागु भएको हुनुपर्ने

**बालबच्चा हुर्काइ रहेको न्यून आय भएको घरपरिवारलाई थप रकम (बालबालिका निमित्को थप रकम; कोदोमो खासान)वाला घरपरिवार**
"बसोबास करमा कर लागु नहुने घरपरिवार" अथवा "बसोबास करको समान दरमा मात्र कर लागेको घरपरिवार"को घरमूली जसले,
18 वर्ष उमेर वा सो भन्दा मुनिका बालबालिका (सन् 2005 अप्रिल 2 तारिख पश्चात् जन्म भएको) पालनपोषण गरिरहेको हुनुपर्ने
*18 वर्ष उमेर वा सो भन्दा मुनिका बालबालिका घरमूली भएको खण्डमा दायरामा पर्ने व्यक्ति स्वरूप गणना हुँदैन

## 4. पेस गर्नुपर्ने म्याद/ पेस स्थल

[पेस गर्नुपर्ने म्याद] **सन् 2024 अप्रिल 30 तारिख (मङ्गल)सम्म**
**(टिकटमा उक्त दिनको हुलाक छाप लागेको भए वैध हुने)**

फुकुओका नगरले कागजात स्वीकारेको दिनबाट 3 हप्ता जतिमा लाभ भुक्तानी दिने योजना छ।
*कागजात एकै चोटि धेरै प्राप्ति भएको समयाकालमा, लाभ भुक्तानी ढिलो हुन सक्छ

*सन् 2023 डिसेम्बर 2 तारिख पश्चात् जन्मेका बालबच्चा (नवजात शिशु)लाई पालनपोषण गरिरहेको घरपरिवार निमित्त "बालबालिका निमित्को थप रकम; कोदोमो खासान"को लागि मात्र, पेस गर्नुपर्ने म्याद सन् 2024 अगष्ट 31 तारिख (शनि) (टिकटमा उक्त दिनको हुलाक छाप लागेको भए वैध हुने) हुनेछ।

**[पेस स्थल]** Fukuoka-shi Bukka Koutou Kinkyu Shien Kyufukin Jimusyori Senta (फुकुओका नगरमा वस्तुको चर्को मूल्य वृद्धिप्रति आकस्मिक सहायता लाभ रकम व्यवस्थापन काम कार्यवाही केन्द्र)
〒 810-0041 Fukuoka-shi Chuo-ku Daimyo 1-4-1 ND Biru 2F

**वडापालिका या नगरपालिकाको काउन्टरमा पेस गर्न मिल्दैन।**

**फुकुओका नगरमा वस्तुको चर्को मूल्य वृद्धिप्रति आकस्मिक सहायता लाभ रकमको विस्तृत जानकारीको लागि नगरपालिकाको वेबसाइटमा हेर्नुहोस्।**

कृपया पछाडिको पृष्ठ पनि चेक गर्नुहोस्

**Fukuoka-shi Bukka Koutou Kinkyu Shien Kyufukin** सर्च

# 5. प्रक्रिया अपनाउने विधि

**सिद्धान्ततः दायरामा पर्ने व्यक्तिलाई "लाभ भुक्तानी जानकारी सूचना पत्र" अथवा "लाभ भुक्तानी आवश्यक सर्त पुष्टि पत्र" पठाइन्छ।**

**विस्तृत जानकारीको लागि सम्बन्धित कागजातहरू निश्चय गर्नुहोला।**

● **"लाभ भुक्तानी जानकारी सूचना पत्र" आइपुगेको घरपरिवार**

・सिद्धान्ततः प्रक्रिया अपनाउनु पर्दैन। "लाभ भुक्तानी जानकारी सूचना पत्र"मा लेखिएको "लाभ भुक्तानी योजित मिति"मा "बैङ्क ट्रान्सफर योजित खाता"मा बैङ्क ट्रान्सफर गरिन्छ।

● **"लाभ भुक्तानी आवश्यक सर्त पुष्टि पत्र" आइपुगेको घरपरिवार**

・"लाभ भुक्तानी आवश्यक सर्त पुष्टि पत्र"मा आवश्यक बुँदा भरी, आवश्यक कागजातलाई खाममा संलग्न गरेर मात्र, डाँक मार्फत पेस गर्नुहोस्।

*बसोबास करको समान दरमा मात्र कर लागु हुने घरपरिवारको महानुभावले स्मार्टफोनबाट प्रक्रिया अपनाउन सक्नुहुन्छ। (विस्तृतमा "लाभ भुक्तानी आवश्यक सर्त पुष्टि पत्र" निश्चय गर्नुहोस्)

● **लाभ भुक्तानीका आवश्यक सर्तहरू पुरा हुँदाहुँदै पनि, आवेदन फाराम मार्फत नै प्रक्रिया अपनाउन पर्ने घरपरिवार**

**[बसोबास करमा कर लागु नहुने घरपरिवार/ बसोबास करको समान दरमा मात्र कर लागेका घरपरिवार (साझा)]**

・सन् 2023 जनवरी 2 तारिख पश्चात् फुकुओका नगरमा बसाइँ आएका व्यक्ति भएको घरपरिवार

・कर सच्च्याउने घोषणा आदि गरेर, लाभ भुक्तानी आवश्यक सर्त पुरा हुने भएको घरपरिवार

**[बालबच्चा हुर्काइ रहेको न्यून आय भएको घरपरिवारलाई थप रकम (बालबालिका निमित्को थप रकम; कोदोमो खासान)वाला घरपरिवार]**

・सन् 2023 डिसेम्बर 2 तारिख पश्चात् जन्मेका बालबच्चा (नवजात शिशु) पालनपोषण गरिरहेको घरपरिवार

・छात्रावासमा भर्ना भएका जस्ता कारणहरूले अर्को घरपरिवार हुन गएको 18 वर्ष उमेर वा सो भन्दा मुनिका बालबालिका पालनपोषण गरिरहेको घरपरिवार

● **पुष्टि पत्र अथवा आवेदन फाराम भर्नु अघि, तलका बुँदाहरू चेक गर्नुहोस्।**

□ घरपरिवार भित्र कर सन्धि अनुसारको कर मिनाहा निवेदन दिएर, बसोबास करको समान दर अथवा आय दरमा कर नलागेका महानुभाव भने, भुक्तानीको दायरामा पर्नु हुन्न।

□ घरमूली अथवा परिवारको सदस्यले कर सच्याउने निवेदन आदि दिएर, लाभ भुक्तानीका आवश्यक सर्तहरू पुरा नहुने हुन गएको खण्डमा, लाभ भुक्तानीको दायरामा पर्ने छैन।

□ कागजातको विषयवस्तुमा गल्ती पाइएमा, लाभ रकम फिर्ता मागिने अवस्था आउन सक्छ। साथै, जानाजानी झूटो विवरण भरेमा, अवैध लाभ रकम प्राप्ति गरे स्वरूप ठगी मुद्दाको सामना गर्नुपर्ने अवस्था आउन सक्छ।

● **पुष्टि पत्र अथवा आवेदन फाराममा आवश्यक बुँदाहरू नछुटाइकन भर्नुहोस्।**

□ भर्दा अवश्य पनि लेख्ने उदाहरण चेक गर्नुहोस्।

□ सिद्धान्ततः खातामा रकम ट्रान्सफर मार्फत लाभ भुक्तानी गरिन्छ तर, वित्तीय संस्थामा खाता खोल्न नमिल्ने आदि, जसरीपनि खाता मार्फत भुक्तानी प्राप्त गर्न नसक्ने महानुभावले, निम्न कल सेन्टरमा सोधपुछ गर्नुहोस्। (खातामा रकम ट्रान्सफर बाहेकको विधिबाट भुक्तानी लिने हो भने, भुक्तानीको समयाकाल ढिला हुन जान्छ)

● **पुष्टि पत्र अथवा आवेदन फाराम पेस गर्नु अगाडि, तलको बुँदा निश्चय गरेर मात्र, डाँक मार्फत पेस गर्नुहोस्।**

□ आवश्यक बुँदाहरू नछुटाइकन भरेको छ।

□ आवश्यक कागजातहरू नछुटाइकन खाममा संलग्न गरेको छ।

*कागजातमा भरेको विषयवस्तुमा या आवश्यक कागजातमा त्रुटि भएमा, कागजात सच्चाउन लगाउने या थप कागजात पेस गर्न माग गरिने हुनसक्छ। साथै, पुष्टि गर्न समय लागेर लाभ भुक्तानी ढिलो हुनसक्छ।

**"फुरिकोमे-सागि भनिने पैसा ट्रान्सफर गर्न लगाउने ठगी" या "व्यक्तिगत जानकारी हत्याउने ठगी"मा ध्यान पुर्याउनुहोला!**

・प्रक्रिया अपनाउने काममा स्वचालित नगद टेलर मेसिन (ATM) कदापि प्रयोग हुँदैन।

・लाभ रकमको विषयलाई लिएर हामी तपाईंहरूको घर भ्रमणमा आउने कदापि हुँदैन।

तपाईंको घरमा फुकुओका नगरको कर्मचारी आदि भनेर शङ्कास्पद फोन या कोही व्यक्ति आएमा, नजिकैको प्रहरी चौकी वा प्रहरी परामर्श सेवा विशेषको फोन नम्बर (#9110)मा सम्पर्क गर्नुहोस्।

## お問い合わせ　Inquiries　咨询电话　문의처　Liên hệ　सोधपुछ

### 福岡市緊急支援給付金コールセンター

Fukuoka City Call Center for Emergency Monetary Relief
福冈市紧急支援补助金电话服务中心
후쿠오카시 긴급 지원 급부금 콜센터
Tổng đài tư vấn tiền trợ cấp khẩn cấp thành phố Fukuoka
फुकुओका शहर आपतकालीन लाभ सहायता कल सेन्टर

**Tel.0120-103-525**
FAX.050-1704-1925
Eメール.r5kinkyushien@city-fukuoka-kyufu.com
Support available in English, Chinese, Korean, Vietnamese and Nepali

受付時間　平日午前9時～午後6時(土･日･祝日休み)
Lines open: weekdays 9:00 a.m. -6:00 p.m. (lines closed: weekends and public holidays)
受理时间　工作日9：00—18：00（周六周日法定节假日不受理）
운영시간 평일 오전9시~오후6시(토・일・공휴일 휴무)
Thời gian tiếp nhận: Các ngày trong tuần từ 9:00 ~ 18:00 (nghỉ vào thứ Bảy, Chủ Nhật, ngày nghỉ lễ)
खुल्ने समय: अफिस खुल्ने दिनको बिहान 9:00 बजेदेखि बेलुकी 6:00 बजेसम्म (शनि, आइत, र रातो बिदाको दिनमा बन्द)

The information on this leaflet is available in multiple languages on the Fukuoka City official website.
本宣传单的相关内容以多语言刊登在官网。
본 안내지 내용에 관한 정보는 홈페이지에 다언어로 게재합니다.
Thông tin liên quan đến nội dung của tờ rơi này được đăng tải trên trang chủ bằng nhiều thứ tiếng.
यो सूचनाको विवरण सम्बन्धी जानकारीलाई होमपेजमा बहुभाषामा राखिएको छ।